नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८१ चैत ०७ गते (तदनुसार २० मार्च २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग गणतन्त्र मोल्डोभाका उपप्रधान तथा परराष्ट्र मन्त्री श्री मिहेल पपसोईले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नु भयो। सो अवसरमा माननीय मन्त्रीज्यूले सन् १९९३ मा कूटनीतिक सम्बन्ध स्थापित भए देखिनै नेपाल र मोल्डोभाबीच मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको उल्लेख गर्नु भयो। कूटनीतिक सम्बन्ध स्थापनाको ३२ वर्षमा गणतन्त्र मोल्डोभाका उपप्रधानमन्त्रीज्यूको भ्रमण पहिलो आधिकारिक भ्रमण रहेको हुँदा उक्त भेटघाट कूटनीतिक सम्बन्धको दृष्टिकोणबाट महत्त्वपूर्ण उपलब्धी मात्र नभई आपसी सहकार्य र आर्थिक बृद्धिको नयाँ सम्भावनाहरू अन्वेषण गर्ने अवसर पनि रहेकोमा खुशी व्यक्त गर्नु भयो। आजको भेटघाट द्विपक्षीय सम्बन्धलाई अझ मजबुत बनाउनको लागि गरिएको साझा प्रतिबद्धताको प्रतिबिम्ब रहेको बताउनु भयो।

माननीय मन्त्रीज्यूले आगामी दिनहरुमा यस्ता उच्चस्तरीय भेटघाट मार्फत सम्बन्ध विस्तार गर्नुपर्ने र आपसी भेटघाट र साझेदारी मार्फत दुई देशबीचको सम्बन्धले थप उचाई लिने विश्वास व्यक्त गर्नु भयो। दुई देशबीचको निरन्तर संवाद र सहकार्यका माध्यमबाट नयाँ सम्भावनाहरू पहिचान गर्न सकिने र दुवै देशका नागरिकलाई प्रत्यक्ष लाभ पुऱ्याउने विषय उल्लेख गर्नु भयो।

माननीय मन्त्रीज्यूले हाल नेपाल-मोल्डोभा व्यापार कारोबार सीमित रहेको हुँदा यसलाई विस्तार गर्नु पर्नेमा जोड दिँदै व्यापार तथा लगानीलाई प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप व्यवसाय अनुकूल वातावरण निर्माण, व्यापार सञ्चालनको सहजता वृद्धि र महामारीपछिको आर्थिक पुनरुत्थानलाई सुनिश्चत गर्ने प्रतिबद्धताका साथ नेपाल अघि बढिरहेका विषय उल्लेख गर्नु भयो। साथै, दुई देशबीच सहकार्य गर्न सकिने क्षेत्रहरुमा कृषि, उद्योग, पर्यटन, नवीकरणीय ऊर्जा, सूचना प्रविधि, शिक्षाका क्षेत्रमा विद्यार्थी आदान प्रदान कार्यक्रम रहेको उल्लेख गर्नु भयो। त्यसैगरी, नेपालले कृषि उत्पादन, हस्तकला सामाग्री तथा तयारी पोषाक जस्ता उच्च गुणस्तरीय उत्पादनहरू निर्यात गर्ने अवसर खोजिरहेको सन्दर्भमा मोल्डोभासँग सहकार्य गर्ने सम्भावनाबारे चर्चा गर्दै यी क्षेत्रमा मोल्डोभाको लगानीलाई स्वागत गर्न ईच्छुक रहेको समेत बताउनु भयो।

छलफलको क्रममा गणतन्त्र मोल्डोभाका उपप्रधानमन्त्रीज्यूले नेपाल र मोल्डोभाबीच धेरै आयाममा समानता रहेको र जलवायु परिवर्तन, कृषि औद्योगिकीकरण र यान्त्रीकरण, शैक्षिक र सांस्कृतिक आदान-प्रदान जस्ता क्षेत्रमा साझेदारीको सम्भावना रहेको उल्लेख गर्नु भयो। साथै, नेपाली नागरिकहरुलाई मोल्डोभामा रोजगारीको सम्भावना रहेको चर्चा गर्दै यसमा थप साझेदारीको पहल गर्न सकिने विचार व्यक्त गर्नु भयो। माननीय मन्त्रीज्यूले दुई देशबीच निर्यात सम्भावना भएका क्षेत्रको प्रवर्द्धन र साझेदारीको विषयमा गणतन्त्र मोल्डोभाका उपप्रधानमन्त्रीज्यूको सकारात्मक प्रतिक्रियालाई प्रशंसा गर्दै आगामी दिनमा दुई देशका सम्बन्धित मन्त्रालयहरुको सहकार्य र सम्बन्ध विस्तारलाई थप प्रगाढ बनाउनु पर्ने विषयमा जोड दिनु भयो।

मितिः २०८१ चैत ०७ गते बिहिवार।

(जितेन्द्र बस्नेत)
सहसचिव/प्रवक्ता